राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY








वर्ष-१६ ।। अङ्क : ३२७ ॥ २०८१ माघ ०८ गते मंगलबार (21st Jan 2025 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-


# रुखहरुको राजधानी जलथल वनमा १५५ प्रजातिका रुख

झापा(प्रस)। जैविक विविधताले भरिपूर्ण झापाको जलथल चारकोशे वनमा १५५ प्रजातिका रुख रहेको एक अध्ययनले देखाएको छ । फरेस्ट एक्सन नेपालको नेतृत्वमा भएको अध्ययनबाट जलथलमा भएका रुखहरुको प्रजातिको संख्या एकिन भएको हो । अध्ययनको नतिजा भारतबाट प्रकाशित हुने 'प्लियोने' नामक विधागत जर्नलको पछिल्लो अंकमा प्रकाशित भएको थियो । डा. लिलानाथ शर्मा, डा. भाष्कर अधिकारी र योगेन्द्रबिक्रम पौडेलको सहलेखनमा प्रकाशित रिसर्च आर्टिकल अनुसार जलथल वनमा रुखहरुका प्रजाति अभिलेख गरिएका छन् ।

जैविक विविधताको कुरा गर्दा रुखहरुको प्रजाति संख्याको बिशेष चर्चा हुने गर्दछ तर आजसम्म जलथल जंगलमा रुखका कति प्रजाति छन् भन्ने यकिन तथ्यांक प्रकाशित भएको थिएन । चारकोशे जंगलको फडानी हुनबाट बचेको एक खण्ड हो जलथल वन । झापाको हल्दिबारी, कचनकवल, बाह्रदशी गाउँपालिका र भद्रपुर नगरपालिकामा फैलिएको यो वन ६१०० हेक्टर क्षेत्रफलमा फैलिएको छ । हाल यो वन यी चार वटा पालिकाका २२ वटा सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका छन् ।



डा. शर्माका अनुसार जलथल वनको रुखहरुको अभिलेख लगभग पुरा भएको छ । 'थप अध्ययनसंगै केही प्रजाति थप हुन सक्ने सानो सम्भावना नकार्न सकिंदैन' उनले थपे ।

रुखहरुको प्रजातीय विविधताको आधारमा नेपालमा पाइने एक चौथाई जस्तो रुखहरु जलथलमा भेटिएका छन् । जलथल वनले नेपालको कुल वनक्षेत्रको जम्मा ०.१ प्रतिशत भूभाग ओगटेको छ । तर यहाँ नेपालका लगभग २५ प्रतिशत रुखहरु भेटिनुले जलथल वन नेपालको सन्दर्भमा रुखहरुको राजधानी भनेर भन्दा अत्युक्ति नहुने तर्क अध्ययनको नेतृत्व गर्ने डा. शर्माको छ । यति सानो क्षेत्रफलमा यति धेरै संख्यामा रुखहरु नेपालमा अन्यत्र अभिलेख गरिएको छैन ।

प्रकाशित रिपोर्ट जलथल वनमा चासो राख्ने जो कसैलाई पनि उपयोगी हुन सक्ने अध्ययनकर्ताहरुले बताएका छन् । यो रिपोर्ट जलथल वनको व्यवस्थापन र संरक्षणमा उपयोगी हुने लेखकहरुको बिश्वास रहेको छ । नेपालमा कुनै वन क्षेत्रका रुखहरुको यो तहको अध्ययन अन्यत्र भएको छैन । यो अध्ययन जलथल वनको जैविक विविधता संरक्षणमा एउटा कोशेढुंगा नै हो भन्ने लेखकहरुको तर्क छ ।

प्रकाशित अनुसन्धानात्मक लेखमा रुखका प्रजातिहरुको स्थानीय, क्षेत्रीय र संसारभरिकै तथ्यांकको विश्लेषणको आधारमा जलथल वनको वनस्पतिक भूगोलको सान्दर्भिकता केलाउने प्रयास गरिएको छ । उक्त लेख अनुसार वनस्पति भूगोलको आधारमा जलथल वन नेपालकै एक बिशिष्ट र महत्वपूर्ण छ भन्ने देखिन्छ ।

लेखमा रुखहरुको संरक्षण अवस्था पनि विश्लेषण गरिएको छ । जलथलका सयभन्दा बढी प्रजातिका रुखहरु दुर्लभ मान्न सकिन्छ । यद्यपि तिनको दुर्लभता फरक फरक हुन सक्छ । जलथलका एक दर्जन जति रुखहरु स्थानीय स्तरमा लोप हुने अवस्थामा पुगेको समेत चर्चा लेखमा गरिएको छ । काँडे थाकल र सादन जलथलबाट पछिल्लो समयमा लोप हुने अवस्थामा छन् । २२ वटा सामुदायिक वन समूहबाट वन व्यवस्थापनमा पहल भएता पनि समग्र जैविक विविधता संरक्षणमा वन समूहहरुले अझ गम्भीर भएर लाग्नु पर्ने कुरा पनि लेखमा औंल्याइएको छ । समयमै गम्भीरतापूर्वक काम नगर्ने हो भने हामीले हेर्दाहेर्दै यहाँका महत्वपूर्ण सम्पदा लोप भएर जाने भन्दै लेखकहरुले चिन्तासमेत ब्यक्त गरेका छन् ।

# छोटी भन्सार कार्यालय आठमौजा संचालन हुँदै



झापा(प्रस) । वर्षौंदेखि बन्द रहेको झापाको गौरीगञ्जस्थित छोटी भन्सार कार्यालय आठमौजा संचालन हुने भएको छ । कोरोना कालदेखि बन्द रहेको त्यस छोटी भन्सार कार्यालयलाई यसै साता संचालनमा ल्याउने तयारी थालिएको हो ।

मेची भन्सार कार्यालयका प्रमुख राजेन्द्रप्रसाद चुडालले आइतवार छोटी भन्सार कार्यालयको अबस्था बुझेर यसै सातादेखि संचालन गर्ने बताए । उनले केही पूर्वाधारको काम गर्नुपर्ने भएकाले त्यसलाई पूरा गरी संचालनमा ल्याउने जानकारी दिए । आफू झापाको बासिन्दा भएकाले आफ्नो कार्यकालमै छोटी भन्सार आठमौजालाई संचालन गरेरै छाड्ने उनले बताए ।

यही माघ १३ गते भन्सार दिवस रहेको छ । भन्सार दिवसको अवसर पारेर त्यस छोटी भन्सार कार्यालयलाई संचालन गर्ने योजना रहेको मेची भन्सार कार्यालयका सूचना अधिकारी गणपति कँडेलले बताए । मेची भन्सार कार्यालयअन्तर्गत ७ वटा छोटी भन्सार रहेका छन् । कतिपय छोटी भन्सारको नामोनिशान नै छैन । भारतको विहार तथा बंगाल राज्यसँग जोडिएको झापा जिल्लामा काँकरभिट्टा र भद्रपुर गरी दुई वटा मुख्य नाका छन् । दुवै नाकामा मूल भन्सार रहेका छन् । जिल्लाका अन्य नाकाहरूमा छोटी भन्सार कार्यालयहरू रहेका थिए । तर, काँकरभिट्टा र भद्रपुर नाकाबाहेक अन्य भन्सारहरु लामो समयदेखि कोरोना महामारीका कारण बन्द छन् । बिहारको फत्तेपुर नाकासँग जोडिएको छोटी भन्सार आठमौजा संचालन हुँदा माई पश्चिमका बासिन्दालाई सहज हुने भएको छ । छोटी भन्सार बन्द भएपछि सीमाबाट अवैध आयातनिर्यात हुने क्रम बढ्दै गएको छ ।

# ६ महिनामा मोटरसाइकल दुर्घटनामा ३७ जनाको मृत्यु


• लक्ष्मी उप्रेती


मेचीनगर । १८ मंसिरमा झापाको मेचीनगर नगरपालिका-११ स्थित तेलिबारीमा बस र मोटरसाइकल एकापसमा ठक्कर खाँदा मोटरसाइकल चालक भद्रपुर नगरपालिका-१० का ५५ वर्षीय किसन न्यौपानेको मृत्यु भयो ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत मेचीनगर-११ स्थित तेलिबारीमा बागमती प्र-०१- ००६ ख ४९०९ नम्बरको बस र मे १० प ३५७२ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाँदा मोटरसाइकल चालक न्यौपाने गम्भीर घाइते भएका थिए ।उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड लगिएकोमा अस्पताल पुर्याउनासाथ चिकित्सकले न्यौपानेलाई मृत घोषित गरेका थिए ।

१ पुषमा दमक नगरपालिका वडा नं. १० सेतुमारी चोकनजिक भित्री सडकखण्डमा भएको सडक दुर्घटनामा दुई जनाको मृत्यु भयो ।

सेतुमारी चोकबाट बालुबथानतर्फ जाँदैं गरेको प्रदेश न. १-०१-०१५ प १७९३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार गौरादह नगरपालिका वडा नं. ५ बस्ने बर्ष ३२ की जमुना धिमाल र सोही स्थान बस्ने वर्ष २५ की मनचरी राई भनिने ओमकुमारी राईको उपचारका क्रममा दमक अस्पतालमा मृत्यु भएको हो ।

४ पुषमा मेचीनगरमा भएको मोटरसाइकल दुर्घटनामा चालक मेचीनगर ६ का ३४ वर्षीय दिवस प्रधानको मृत्यु भयो । मेचीनगर –८ मकरेचोकस्थित भित्री पक्की सडकखण्डमा इटाभट्टादेखि नकलबन्दातर्फ जाँदै गरेको मे ७ प १२३४ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित हुँदा चालक प्रधानको मृत्यु भएको हो ।

यी प्रतिनिधि घटना मात्र हुन् । झापा जिल्लाभरिमा दैनिक साना-ठुला सडक दुर्घटना भइरहन्छन् । सडक दुर्घटनामा सबैभन्दा बढी मोटरसाइकल(दुई पाङ्ग्रे)सवारी साधनका चालक र त्यसमा सवार यात्रुको मृत्यु हुने गरेको तथ्यांक ठूलो छ । चालु आर्थिक वर्ष २०८१/०८२ को ६ महिनामा झापामा मोटरसाइकल दुर्घटनाबाट ३७ जनाको ज्यान गएको छ । मोटरसाइकल र स्कुटरजस्ता साधन ठूला गाडीको कारणले मात्र होइन, आफ्नै कारणले पनि असुरक्षित बनिरहेका छन् ।सवारी दुर्घटना भित्री सडकमा समेत भएका छन् । अझ प्रहरी अनुपस्थित हुने क्षेत्रमा पुरै लापरवाही हुने गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका अनुसार यो अवधिमा झापाका विभिन्न ठाउँमा ४ सय ४५ वटा मोटरसाइकल दुर्घटना हुँदा ३ बालक, ७ महिला र २७ पुरुषगरी कुल ३७ जनाको मृत्यु भएको हो । सोही अवधिमा दुर्घटनामा परेर ६ सय ८३ जना मानिस घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख ट्राफिक प्रहरी निरीक्षक गणेश पौडेलले जानकारी दिए ।

उनका अनुसार घाइते हुनेमा सबैभन्दा बढी ४ सय ८२ जना पुरुष छन् । यसैगरी, १ सय ३५ महिला तथा ३३ बालक र ३३ बालिकासमेत घाइते भएका छन् । सबैभन्दा बढी असोज महिनामा ९० वटा मोटरसाइकल दुर्घटनामा ८ पुरुष र २ महिलासहित १० जनाको ज्यान गएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिए । ८६ पुरुष, ३० महिला तथा बालक र बालिका १०/१० गरी कुल १ सय ३६ जना सो महिनामा घाइते भएका थिए । अन्य महिनाको तुलनामा चाडपर्व परेका कारण असोजमा बढी दुर्घटना भएको र मानवीय क्षतिसमेत बढी भएको उनको भनाई छ । पुषमा सवैभन्दा कम भएका ६० वटा दुर्घटनामा परी १/१जना महिला र पुरुषको ज्यान गएको र ८९ जना मानिस घाइते भएको अभिलेख छ । पुष महिनाको दुर्घटनामा परी ७३ पुरुष, १० महिला , ४ बालक र २ बालिका घाइते भएका थिए ।

मोटरसाइकल दुर्घटना गाउँमा भन्दा बढी सहरी क्षेत्र र भित्री सडकखण्डमा बढी हुने गरेको छ । एकजना प्रहरी अनुसन्धान अधिकृतका अनुसार मोटरसाइकल दुर्घटनामा दुईजना चढेको अवस्थामा पछि बस्नेलाई बढी क्षति हुने गरेको छ । मोटरसाइकल दुर्घटना तीव्र गति, ट्राफिक नियम उल्लंघन, जथाभावी ओभरटेकलगायत ट्राफिक नियम पालना नगर्दा हुने गरेको प्रहरी निरीक्षक पौडेलको भनाई छ । उनका अनुसार चारपांग्रेको तुलनामा दुईपांग्रे सवारीसाधन बढी दुर्घटनामा पर्ने गरेका छन् । जसमा दुईपांग्रे मोटरसाइकल-स्कुटीको दुर्घटना ८० प्रतिशत र चारपांग्रे गाडी दुर्घटना २० प्रतिशत रहेको तथ्याङ्कले देखाएको छ ।

# पूर्वडीआईजी छविलाल जोशी ५० लाख धरौटीमा रिहा

झापा(प्रस)। स्वर्णलक्ष्मी सहकारीको रकम अपचलनमा पूर्वडीआईजी छविलाल जोशीसँग ५० लाख धरौटी



माग गरिएको छ । सोमबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश ठाकुरप्रसाद खरेलले


❖ बाँकी अन्तिम पृष्ठमा


# बोलेरो र अटो ठोक्किदा एकजनाको मृत्यु, तीन घाइते

झापा(प्रस)। झापाको बुद्धशान्तिमा बोलेरो र अटो ठोक्किदा एकजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् ।

सोमवार बिहान १०.४५ बजे बुद्धशान्ति -४ हापेन चोकस्थित मेची राजमार्गमा चारआलीबाट इलामतर्फ जाँदै गरेको प्र.१-०१-००१ ज ३८५१ नं को बोलेरो गाडी र विपरित दिशाबाट आउँदै गरेको प्र.१-०१-००२ ह ३६३ नम्बरको अटो एक आपसमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा अटोमा सवार बुद्धशान्ति ४ बस्ने २१ वर्षीया कृतिका तामाङ , सोही ठाउँ बस्ने २७ वर्षीया अमृता तामाङ, ४१ वर्षीया मन्जु तामाङ र बोलेरो चालक मेचीनगर नगरपालिका १२ बस्ने ४० वर्षीय दिलकुमार माझी घाइते भएका थिए ।



घाइतेहरुलाई सिटी अस्पताल बुधबारेमा उपचारका लागि लगिएको थियो । त्यहाँबाट थप उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएकोमा अस्पताल पुर्याउनासाथ चिकित्सकले अमृतालाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुवै गाडी र अटो चालक बुद्धशान्ति वडा न.४ बस्ने ५३ वर्षीय अजय मोक्तान इलाका प्रहरी कार्यालय बुधबारेको नियन्त्रणमा रहेको डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए ।




झा.जि.हु.क. नं. ९६/०८०/०८१ । झा. जि.प्र.द.नं. १०४/२०६५/१०/०६


# एक्सेल बैंकद्वारा विद्यार्थीलाई न्यानो कपडा वितरण



बिर्तामोड(प्रस)। एक्सेल डेभलपमेन्ट बैंकले झापाको दमक २ स्थित सरस्वती आधारभूत विद्यालयमा अध्ययनरत १ सय एक जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ। झापाली समाज युएईको सहकार्यमा विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको हो । झापाली समाज युएईले समाजसेवामा गरेको पवित्र कार्यलाई सम्मान गर्दै यसमा एक्सेल डेभलपमेन्ट बैकले विगतदेखि नै सहयोग गर्दै आइरहेको छ। समाजले गर्ने हरेक सामाजिक कार्यमा बैकले हिजोबाट नै सहयोग गर्दै आएको र आगामी दिनमा समेत समाजसेवाको पवित्र कार्यमा सहयोग गर्ने बैंकका सिइओ डा. इन्द्रकुमार कट्टेलले बताए। यो पवित्र कार्यमा सहयोग गर्ने बैंकलगायत सम्पूर्णप्रति समाजका नेपाल सम्पर्क समितिका अध्यक्ष राजेन्द्रकुमार दाहालले धन्यवाद दिएका छन् । कार्यक्रममा समाजले हालसम्म गरेका सम्पूर्ण गतिविधिलाई समेटेर तयार पारिएको वृत्तचित्रको संक्षिप्त भाग प्रस्तुत गरिएको थियो । वृत्तचित्रको पुरा भाग समय मिलाएर केही दिनपछि प्रस्तुत गरिने आयोजकले जनाएको छ। आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थीलाई न्यानो कपडा वितरण गरी सहयोग गरेकोमा विद्यालयका प्रधानाध्यापक प्रेम पाण्डेले समाजका सदस्यलाई धन्यवाद दिएका छन् । त्यस्तै दमक नगरपालिका २ का वडा सदस्यले समाजले गरेको कामको प्रशंसा गरेका थिए। न्यानो कपडा वितरणबाट साना विद्यार्थीहरु लाभान्वित भएका छन्। झापाली समाज युएई नेपाल सम्पर्क समितिका सचिव मित्रलाल पोखेलले सञ्चालन गरेको कार्यक्रममा पूर्व केन्द्रीय सदस्य प्रदिपकुमार संग्रौलाले स्वागत गरेका थिए । कार्यक्रममा बैंकका सि.इ.ओ. डा. इन्द्रकुमार कट्टेल, मार्केटिङ अफिसर गजेन्द्र ढकालगायतको उपस्थिति थियो । यस बैंकको कार्यक्षेत्र कोशी प्रदेश रहेको र सो प्रदेशभित्र ४७ वटा शाखाहरु रहेका छन् । बैंकले ३ वटा एटीएम मेशिनबाट सेवा प्रदान गरिरहेको छ ।

# पूर्वमुख्यमन्त्री थापालाई सुविधा दिने निर्णयमा अंकुश

झापा(प्रस) । कोशी प्रदेशका पूर्वमुख्यमन्त्री उद्धव थापालाई सुविधा दिने प्रदेश सरकारको निर्णयमाथि उच्च अदालत विराटनगरले अंकुश लगाएको छ। सरकारको निर्णयपछि सवारी सुविधा लिँदै आएका थापा सत्तारुढ दल नेपाली कांग्रेस प्रदेश संसदीय दलका नेता हुन्। न्यायाधीश राजेन्द्र अधिकारी र केशवप्रसाद बास्तोलाको संयुक्त इजलासले थापालाई सवारी सुविधा दिने सरकारको निर्णय तत्काललाई कार्यान्वयन नगर्न सोमबार अन्तरिम आदेश जारी गरेको छ।

प्रदेशको मन्त्रिपरिषद् बैठकले पूर्वमुख्यमन्त्री एवं कांग्रेस संसदीय दलका नेता थापालाई एउटा हलुका सवारी साधन, एकजना सवारी चालक र मासिक १ सय २५ लिटर इन्धन उपलब्ध गराउने निर्णय गत असोज १३ गते गरेको थियो। उक्त निर्णय राजपत्रमा प्रकाशित भएपछि थापाले सुविधा लिँदै आएका थिए।

सरकारले प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक र संसदीय समितिका सभापतिलाई मासिक १ सय २५ लिटर इन्धन सुविधा थप गर्ने निर्णयसमेत गरेको थियो । उक्त निर्णय भने कानुनसम्मत रहेको ठहर उच्च अदालतले गरेको छ। प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ मा गरेको थप व्यवस्था कानुनविपरीत भन्ने नदेखिएको अदालतको ठहर छ। तर, पूर्वमुख्यमन्त्री थापालाई दिएको सुविधा भने तत्काललाई कानुनविपरीत देखिएको अदालतले उल्लेख गरेको छ।

अन्तरिम आदेशमा भनिएको छ, 'कुनै कानुनले सम्बोधन नगरेका प्रदेशसभाका सत्तापक्षको प्रमुख घटक दल नेपाली कांग्रेसका संसदीय दलका नेता माननीय उद्धव थापालाई सवारी साधन, चालक र इन्धन सुविधा प्रदान गर्ने गरी भएको निर्णयले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, कोशी प्रदेश विनियोजन ऐन, २०८१ एवं प्रदेश सरकारद्वारा निर्मित सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ समेतको विपरीत भइ यसबाट प्रदेश सरकारमा अतिरिक्त व्ययभार पर्नुका साथै व्यक्ति केन्द्रित निर्णयलाई नीतिगत निर्णयको रूपमा परिभाषित गर्न मिल्ने अवस्थासमेत नहुँदा सुविधा र सन्तुलनको दृष्टिले निवदेनको अन्तिम रूपमा निरूपण नहुँदासम्मका लागि प्रदेश सरकार मन्त्रिपरिषद् कोशी प्रदेशको मिति २०८१/६/१३ को उल्लिखित निर्णयमध्ये प्रकरण २ मा उल्लेखित निर्णयसम्म तत्काल कार्यान्वयन नगर्नु नगराउनू यथास्थितिमा राख्नु भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ र उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।'



मन्त्रिपरिषद्बाट गैरकानुनी निर्णय गरेर थापालाई सुविधा दिइएको भन्दै सरकारको निर्णयविरुद्ध अधिवक्ताद्वय कर्णबहादुर राई र प्रेमकुमार घिमिरेले गत पुष २१ गते उच्च अदालत विराटनगरमा रिट दायर गरेका थिए। न्यायाधीश राज्यलक्ष्मी बज्राचार्यको इजलासले रिटको सुनुवाइ गर्दै पुष २२ गते कारण देखाउ आदेश जारी गरी दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो।

अदालतमा निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ताहरू राजेन्द्रप्रसाद भट्टराई र भोजराज श्रेष्ठ, अधिवक्ताहरू पुरूषोत्तम नेपाल, मीनबहादुर पौडेल, तुलसी साह, चन्द्रादेवी थापा, जयराम दर्जी सुन्दास, भरत चौलागाईं, कर्णबहादुर राई र प्रेमकुमार घिमिरेले बहस गरेका थिए। सरकारको पक्षबाट मुख्यन्यायाधिवक्ताको कार्यालय कोशीका मुख्यन्यायाधिवक्ता नारायण वस्ती, वरिष्ठ अधिवक्ता भरतबहादुर थापासहित अधिवक्ता बुद्धि कटुवाल र मुख्यन्यायाधिवक्ताको कार्यालयका अधिवक्ता दिनेश भट्टराईले बहस गरेका थिए।

कोशी प्रदेशसभाको सोमबारबाट सुरु भएको हिउँदे एवं छैठौं अधिवेशनको पहिलो बैठकमा आफूले प्रयोग गरिरहेको गाडी सुविधाको विषयमा प्रश्न उठेको भन्दै थापाले असन्तुष्टि जनाएका थिए। अदालतले आदेश अनुसार चल्ने उनको भनाइ थियो। थापाले बा १ झ ६५३ नं को सरकारी गाडी प्रयोग गर्दै आएका छन् ।

# घुरबाट आगो सल्किँदा एकजना घाइते



झापा(प्रस)। झापाको शिवसताक्षीमा घुरबाट आगो सल्किँदा गोठ जलेर नष्ट भएको छ भने एकजना घाइते भएका छन् ।

आइतवार राति ८ बजे शिवसताक्षी नगरपालिका वडा नं.८ कल्याण चौक बस्ने ५० वर्षीय बाबुकाजी बस्नेतले आफ्नै गोठमा गाईलाई घुर तपाउनलाई आगो बाल्ने क्रममा अचानक आगो सल्किएको थियो । आगलागीबाट टिनको छानो भएको एक तले गोठ , गोठभित्र रहेको धान १५ मन जलेर नष्ट हुँदा अन्दाजी १ लाख बराबरको क्षति भएको छ ।

आगो निभाउने क्रममा बाबुकाजी बस्नेत अनुहारमा सामान्य जलेर घाइते भएका छन् । उनको लालीगुराँस मेडिकल झिलझिलेमा उपचार भइरहेको छ । उक्त आगो स्थानीय मानिस र दमकलको सहयोगमा पूर्णरुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




# आजदेखि बिर्तामोड महोत्सव



झापा(प्रस)।बिर्तामोड अन्तराष्ट्रिय औद्योगिक व्यापार महोत्सवको उद्घाटन कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गर्ने भएका छन् । आज मंगलवारबाट शुरु हुने ब्यापार महोत्सवको सबै तयारी पूरा भएको बिर्तामोड उद्योग वाणिज्य संघले जनाएको छ । माघ १९ गतेसम्म सञ्चालन हुने महोत्सवलाई एपोलो पेन्टसले मुख्य प्रायोजन गरेको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले जानकारी दिए । बिर्तामोड नगरपालिका ५ धर्मकाटा रोडस्थित महोत्सवस्थलमा सोमवार गरिएको पत्रकार सम्मेलनमा नेपालकै सबैभन्दा ठूलो ह्याङ्गरको प्रयोग गरिएको जनाइएको छ । पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष न्यौपानेले महोत्सवमा १५० वटा स्टलहरु रहेको बताए । यहाँका व्यवसायीहरुले देश विदेशका विभिन्न भागमा उत्पादित सामग्रीहरुको भण्डारण, वितरण र निर्यातको काम गरिरहेको भन्दै अध्यक्ष न्यौपानेले भने,' अलैंची, अदुवा, कुचो, चिया, सुपारी, मसलाजस्ता नेपाली कृषिजन्य वस्तुको केन्द्रीय बजार बिर्तामोडमा आयोजना गरिएको यो महोत्सवले कृषि उद्यम र कृषि व्यापारलाई थप प्रवर्द्धन गर्ने हाम्रो अपेक्षा छ ।' महोत्सवले यहाँका व्यवसायीमार्फत कृषि उत्पादनको प्रशोधनदेखि तयारी वस्तु उत्पादन गरेर रोजगार सृजना गराउन थप बल प्रदान गर्ने विश्वास लिएको उनको भनाई छ । महोत्सवमा मित्रराष्ट्र भारत,भुटान, बंगलादेश, पाकिस्तानसहित सार्क मुलुकका उत्पादनका स्टलहरु समेत रहने पत्रकार सम्मेलनमा जानकारी दिइयो । महोत्सवमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिकलाई परिचयपत्रका आधारमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको जनाइएको छ । त्यस्तै विद्यालय पोशाकमा महोत्सव अवलोकन गर्न आउने विद्यार्थीलाई पनि शिक्षकको रोहवरमा प्रवेश निःशुल्क गरिएको महासचिव कुशल खतिवडाले बताए । माघ १९ गतेसम्म सञ्चालन हुने महोत्सवमा राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकार हरुको सांगीतिक प्रस्तुति रहने व्यवस्थापक ललित सिम्खडाले बताए । यसैगरी विभिन्न जात जातिका कला संस्कृतिहरुलाई समेत समेटिने बताइएको छ । महोत्सव अवधिभर दुई लाख भन्दा बढी अवलोकनकर्ताले अवलोकन गर्ने अपेक्षा रहेको र महोत्सवलाई व्यवस्थित बनाउने उद्देश्यका साथ विभिन्न स्थानमा सीसी क्यामेराको प्रवन्ध गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । स्थानीय प्रशासनसंगको समन्वयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासंग समेत सहयोग लिएको र महोत्सवलाई थप उल्लासमय बनाउन बालबालिकाहरुलाई लक्षित गरी मनोरञ्जनपूर्ण खेलहरु समेत महोत्सव परिसरमा व्यवस्थापन गरेको अध्यक्ष न्यौपानेले बताए । महोत्सवको उद्घाटन सत्रमा दर्जनभन्दा बढी विभिन्न जातिका भेषभूषा , बाजागाजा, सामाजिक संघ संस्था, उद्योगी व्यवसायी र शुभेच्छुकहरुको उपस्थितिमा नगर परिक्रमा गरिनेसमेत पत्रकार सम्मेलनमा जानकारी दिइयो । नगर परिक्रमा संघको कार्यालयबाट प्रारम्भ हुने भएको छ । नेपालसहित छिमेकी मुलुकका उपभोक्तालाई एकै थलोबाट उपभोग्य वस्तुको खरिद र अवलोकन गराउँदै आर्थिक गतिविधिलाई थप चलायमान बनाउन यो महोत्सवले टेवा पुऱ्याउने बताइएको छ । पत्रकार सम्मेलनमा संघकी जनसम्पर्क उपाध्यक्ष गोमा भट्टराईले स्वागत गरेकी थिइन् भने सञ्चालन महासचिव खतिवडाले गरेका थिए ।

## पूर्वडीआईजी...

उनीलाई ५० लाख धरौटीमा रिहा गर्न आदेश गरेका हुन् । ५० लाख धरौटी बुझाएर जोशी रिहा भएका छन् ।

जोशीको तर्फबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, सतिशकृष्ण खरेल, अधिवक्ताहरू अपूर्व खतिवडा, रोचक रेग्मीले बहस गरेका थिए । जाहेरवालाहरूको तर्फबाट ५ जना सरकारी वकिल, वरिष्ठ अधिवक्ता डा.सुरेन्द्र भण्डारी, दिनेश त्रिपाठीले बहस गरेका थिए ।

स्वर्णलक्ष्मी सहकारीको रकम अपचलन गरेको आरोपमा यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पनि ६० लाख धरौटी बुझाएर रिहा भएका थिए ।

# अधिवक्ता त्रिपाठीमाथि कुटपिट गर्ने झापाकी राई पक्राउ



झापा(प्रस)।वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि माघ २ गते दिउँसो काठमाडौंको बबरमहलस्थित जिल्ला अदालतअगाडि भएको कुटपिट प्रकरणमा झापाकी एक महिला पक्राउ परेकी छन् ।

माघ २ गते दिउँसो पौने ४ बजे काठमाडौं जिल्ला अदालतको दक्षिण गेट बाहिर वरिष्ठ त्रिपाठीमाथि भएको कुटपिटमा संलग्न भएर फरारहरूको खोजीका क्रममा प्रहरीले झापाको बुद्धशान्ति गाउँपालिका- ४ घर भई हाल काठमाडौंको शान्तिनगर बस्ने ५५ वर्षीया शीतल राई भन्ने सीतादेवी राईलाई पक्राउ गरेको हो । उनलाई सोमबार नियन्त्रणमा लिएर प्रहरी वृत्त सिंहदरबारको हिरासतमा राखी अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

यस प्रकरणमा यसअघि प्रहरीले दोलखाको तामाकोशी गाउँपालिका-१ स्थायी ठेगाना भई ललितपुरको महालक्ष्मी नगरपलिका-५ टीकाथली बस्ने ४८ वर्षीय ललितकुमार केसीलाई पक्राउ गरिसकेको छ ।

त्यसैगरी हुम्लाको अदानचुली गाउँपालिका-४ घर भई हाल काठमाडौंको सूर्यदर्शन हाइटमा बसोबास गर्ने महानन्द जैसी पनि यस प्रकरणमा पक्राउ परिसकेका छन् ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री प्रिया भण्डारी, पश्चिमः रुद्रा चौहान, उत्तरः श्री कृष्ण प्रसाद मिश्र, दक्षिणः बाटो को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री सावित्रा कार्कीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | - | १४७९१ | १२६.९९ | २०८१/०९ /१७ | २०८१/०९ /१७ | २०८१/१०/०२ |




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# ओझेलमा पर्न नदेऊ

**२०७४ जेठ ८ गते सरकारद्वारा भलिबललाई राष्ट्रिय खेल घोषणा गरेपछि कबड्डीलाई राष्ट्रिय खेलको मान्यता गुमेको थियो । तर, पनि यो खेल नेपाली मनमा सदैव बसेको छ । यस खेलको लोकप्रियता नेपालको ग्रामीण क्षेत्रदेखि सहरसम्म फैलिएको छ । यद्यपि पछिल्लो समय यसको सन्दर्भ नै ओझेलमा परेको छ ।**

**एस्ट्रोनिक्स म्यानेजमेन्ट कम्पनीले यसलाई पुनः जीवित पार्न फ्रेन्चाइज मोडलमा नेपाल कबड्डी लिग (एनकेएल)को आयोजना गर्ने निर्णय गरेको छ । यो निकै प्रशंसनीय छ । यसले कबड्डी खेललाई व्यावसायिक बनाउन मद्दत गर्ने छ, यसको लोकप्रियता र साखलाई पुनः स्थापित गर्नमा ठूलो योगदान पुऱ्याउने छ । यस खेलको पुनः उदयले युवा पुस्तालाई नयाँ अवसर प्रदान गर्ने छ र उनीहरूलाई खेलकुदमा सक्रिय बनाउने छ । कबड्डीको अभ्यासले शारीरिक मात्र होइन, मानसिक विकास पनि गर्छ । यसले मानिसलाई अनुशासन, टिमवर्क र मानसिक स्फुर्ति प्रदान गर्छ । खेलकुदले युवापुस्तालाई कुलत र खराब गतिविधिबाट जोगाउन मद्दत पुऱ्याउने छ । जसले गर्दा समाजमा सकारात्मक परिवर्तन आउने छ । जस्तो नेपाल प्रिमियम क्रिकेट लिगले सिंगो देशलाई खेलकुदमय बनाएको थियो, त्यस्तै कबड्डीले देशलाई पक्कै जोड्ने छ ।**

**विगतमा लोकप्रियताको शिखरमा रहेको यो खेल लामो समयसम्म गुमनाम झैं अवस्थामा रह्यो । संघका पदाधिकारीबीचको टकराब र द्वन्द्वले कबड्डीले समयानुकूल फक्रिने अवसर पाउन सकेन । राष्ट्रिय खेलकुद प्रतियोगिता र केही अन्तर्राष्ट्रिय प्रतियोगितामा सीमित बन्न पुग्यो । डेढ वर्षअघि चीनको हाङझाउमा आयोजना भएको १९औं एसियाली खेलकुदमा पहिलो सहभागितामै ऐतिहासिक कास्य पदक जितेपछि कबड्डीले चर्चा बटुल्यो । १९औं एसियाली खेलकुदको महिला कबड्डीमा सात राष्ट्रले सहभागिता जनाएका थिए । थोरै राष्ट्रले सहभागिता जनाए पनि पदक जित्न नेपाली खेलाडीले धेरै मेहनत गरेका थिए । देशमै ठूला प्रतियोगिता हुँदा खेलाडीहरूको स्तरोन्नति हुनेछ भने नयाँ खेलाडी जन्मिँदै जानेछन् ।**

**कबड्डीको लोकप्रियता नेपालमा केवल मनोरञ्जनको साधन मात्रै होइन, यो राष्ट्रको पहिचान र सांस्कृतिक सम्पत्ति पनि हो । यसको पुनर्जीवन र प्रचारले अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचान बढाउन मद्दत गर्ने छ । यसलाई अझ प्रगति र समर्थन दिनका लागि सरकारले खेलकुदको प्रवर्द्धनमा जोड दिनुपर्छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# विकासका लागि जैविक संरक्षण



• प्रदिप्नराज पन्त

सतत विकास या दिगो विकासलाई सामाजिक र जैव भौतिक विकाससँग अलग्याइयो भने विकासको मुद्दामा सहयोगात्मक शासन प्रक्रिया स्वाभाविक रूपले जटिल बन्न पुग्छ । विकासका मुद्दाहरू एक आपसमा कसरी अन्तरसम्बन्धित छन् भन्ने कुरामा जिम्मेवारी पूर्ण रूपले पहिचान गर्न सकिएन भने सुशासन या शासनसम्बन्धी सिकायत सुरु हुन्छ । विकास कसरी एकआपसमा अन्तर्निहित छ भन्ने बारेमा गहिरो जानकारी नभई सकेको अवस्थामा शासकले इमानदार प्रयास गर्दागर्दै पनि प्रभावकारी नतिजा हासिल हुन सक्दैन र सतत विकास चुनौती पूर्ण बन्ने गर्छ । नेपालमा विशेष गरेर रोजगारी आजीविका, कृषि र जैव विविधता संरक्षणको क्षेत्रका जटिल मुद्दाहरूलाई अलग अलग तरिकाले प्रबन्धन गर्न खोज्दा सतत विकास जटिल र चुनौती पूर्ण बनेको छ ।

**अन्तरसम्बन्धित**

विकासका मुद्दाहरू एकआपसमा अन्तरसम्बन्धित हुन्छन् र तिनीहरूलाई अलग अलग तरिकाले प्रबन्धन गर्न खोजियो भने सहयोगात्मक विकासमा अन्तराल उत्पन्न हुन्छ । नेपालमा तीन तहको सरकार कार्यरत छन् र विकासका मुद्दामा समेत कार्य प्रणाली या जिम्मेवारी छुट्याइएको पाइन्छ । स्थानीय सरकारको सहयोगबिना केन्द्रबाट मात्रै कुनै पनि विकाससम्बन्धी काम सम्भव हुँदैन भने स्थानीय सरकारबाट मात्र विकाससम्बन्धी काम गर्नाले पनि विकास अधुरो हुन्छ । यस कारण सामाञ्जस्यता महत्वपूर्ण छ ।

कृषि उपयोग र भूमि उपयोगको मुद्दामा विशेष प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरियो तर वन र वन्यजन्तुको मुद्दालाई प्राथमिकता राखिएन र तादाम्यता मिलाउन सकिएन भने कृषिमा पनि वाञ्छित लक्ष्य हासिल गर्न सकिन्न । राष्ट्रिय उच्च प्राथमिकताका सवाल जस्तो कि जलस्रोत, पर्यटन, पूर्वाधार विकास आदिमा उच्च प्राथमिकता दिइयो तर कृषिका उत्पादनहरूको बजारीकरण, शिक्षा, परिवहन आदिमा कम प्राथमिकता दिइयो भने सतत विकास असम्भव हुने मात्र नभई शासनमा समेत वितृष्णा उत्पन्न हुन्छ । यस कारण एकीकृत प्रबन्धन सतत विकासका लागि आवश्यक हुन्छ । यसका लागि कृषि क्षेत्रको उदाहरण मननयोग्य छ ।

भनिरहनु पर्दैन कृषिले जैव संरक्षण र टिकाउमा महत्वपूर्ण योगदान दिन्छ तर जैव विविधताको हानिमा पनि कृषिको भूमिका नै निर्णायक हुन्छ । नेपाललगायत संसारभर नै जैविक विविधतामा डरलाग्दो तवरले नोक्सान भएको छ । कृषि र परिस्थितिक तन्त्र सेवाको स्थिरतामा जलवायु परिवर्तनलगायतको कारणबाट अनुकूल हुने प्रकृतिको क्षमतामा ह्रास आएको छ, जसले गर्दा भोजन र सुरक्षामा टड्कारो समस्या उत्पन्न भइसकेको छ ।

नेपालकै मात्र कुरा गर्ने हो भने उत्पादित कृषि उपजबाट खाद्यान्नको सम्पूर्ण आपूर्ति सहज हुन सकेको छैन र विदेशबाट खाद्यान्न आयात गर्नु पर्ने देखिएको छ । यस्तो अवस्थामा खाद्यान्नको उत्पादन वृद्धि नेपालको प्रमुख आवश्यकता निर्विवाद छ । खाद्यान्नको उत्पादनसँगै गरिबी कम गर्न र समग्र देशकै जिडिपी बढाउनुपर्ने अनिवार्य आवश्यकता छ तर अहिले नै भूमि उपयोग रूपान्तरणको माध्यमबाट जैविक विविधतामा प्रशस्त नोक्सान देखिन थालेको छ । सन् २०१० देखि नेपालमा कृषिको आँकडा हेर्दा अत्यधिक उत्पादनको लागि कृषि उत्पादन प्रणालीको गहनता, अत्यधिक रसायन र पोषक तत्व लोडिङ, विदेशी प्रजातिको प्रयोगले नेपालका कतिपय रैथाने जाति विस्थापित भएका छन् । फसल मात्र होइन गत दशकमा मात्रै कृषि परिस्थितिक तन्त्रसहित सबै परिस्थितिक तन्त्रमा अभूतपूर्व तवरले जैव विविधता नष्ट भएको छ । खाद्य तथा कृषि सङ्गठन (एफएओ) को अनुसार कृषि उत्पादन प्रणालीको समरूपीकरण मुख्य रूपले वनस्पति र जनावरको प्रजनन विशेषज्ञताको साथसाथै कृषि प्रणालीको वैश्वीकरणको सामाञ्जस्य, आनुवंशिक क्षरण र आनुवंशिक भेद्यताको बढ्दो स्तरको कारण जैव विविधताको लगभग तीन चौथाइ हिस्सा नष्ट भएको छ । उदाहरणका लागि हाम्रो खाद्य उर्जा विशेष गरेर प्रोटिनको ९० प्रतिशत आपूर्ति १५ वनस्पति र ८ जनावरको प्रजातिबाट मात्र प्राप्त हुन्छ । यो भनेको नेपाल जस्तो देशको लागि पोषण र खाद्य सुरक्षाको चिन्ताजनक परिणाम हो । गहुँ चामल र मकैबाट मात्र अधिक खपत ८० प्रतिशतभन्दा बढी छ भने हिमाली र पहाडी क्षेत्रमा प्रचुर उत्पादन सम्भावना भएको खाद्यान्न लोप हुने स्थितिमा छ ।

जलवायु घटना विशेष गरेर नेपालमा भूमिगत जलको अत्यधिक उपयोग विशेष गरेर काठमाडौँ र तराई क्षेत्रमा देखिएको छ, जसले प्रदूषणको समस्या डरलाग्दो तरिकाले बढाएको छ । जलवायु परिवर्तनको घटनालाई भूमिगत पानीको उपयोगसँग जोडेर हेर्ने हो भने यो समस्या अझ विकराल देखिन्छ । निःसन्देह भूमिको क्षरण भइरहेको छ र बढ्दो भोकमरिलगायतका समस्याले भोजन र अतिरिक्त भोजनको माग गर्ने गर्छ ।

नेपालमा कृषि जैव विविधताबाहेक आधुनिक कृषि प्रथाको अन्य परिस्थितिक तन्त्रले पनि जैव विविधतामा प्रभाव पार्ने गरेको छ । जस्तो कि सिँचाइ र पिउने पानीको अत्यधिक माग, पशुपन्छीका लागि अत्यधिक चरण, फसलको लागि हानिकारक किरा फट्याङ्ग्रा मार्नका लागि प्रयोग गरिने रसायन, जसको परिणामले प्रदूषणको मात्रा बढ्छ । यसको साथै कृषि उत्पादनमा प्रयोग गरिने उर्वर भूमिसमेत सहरीकरणको चपेटमा परेर घट्दै जाँदा पनि जैव विविधताको नोक्सान हुने गरेको छ । यसको साथै जैव विविधता संरक्षणका लागि किसानको भूमिकालाई कम आकलन गर्न थालिएको महसुस हुन थालेको छ र कृषि पेसाप्रति नै मानिसहरूको चासो पनि दिनानुदिन घट्दो क्रममा नै छ । ध्यान दिनुपर्ने कुरा के छ भने जबसम्म किसान सुसूचित हुँदैनन् तबसम्म पोषणसम्बन्धी देशको आवश्यकता पूरा हुँदैन । तर किसान सचेतना भनेको यसो गर्न हुन्छ या हुँदैन भन्ने अर्ती उपदेश मात्र होइन । यसको लागि कृषि नीति विशेष गरेर बजार र उपभोग प्याटर्नसँग सम्बन्धित कारक तत्वले भूमिका खेलेको हुन्छ । कृषकमैत्री नीतिहरू आवश्यक हुन्छ र कृषिमैत्री नीति भूगोल सापेक्ष हुन जरुरी छ । धान खेती नहुने ठाउँमा धान खेती प्रयास गर्न भनेर अनुदान दिएर काम चल्दैन । झन्डै एक खर्बभन्दा बढी कृषिमा अनुदान दिँदासमेत जैव विविधता संरक्षण र कृषि उत्पादनमा खासै विकास हुन सकेको देखिँदैन । जहाँ जसको आवश्यकता छ र जहाँ जस्तो फसलको सम्भावना छ, त्यहाँ त्यस्तै किसिमको अनुदानको व्यवस्था गर्नु पर्छ ।

**समाधान**

नेपालले टिकाउ उत्पादन प्रणाली अपनाउनु पर्छ । रुख वनस्पति, विविध फसल र संशोधन पुनर्चक्रणको एकीकृत गर्नमा ध्यान केन्द्रित गर्दै जैव विविधतालाई संरक्षित गर्नु पर्छ र उत्पादकता बढाउने प्रयास गर्न जरुरी छ । नेपालमा जैव विविधतालाई संरक्षित गरेर उत्पादन बढाउन सही योजना र लगानी आवश्यक छ । नेपालका लागि जैव विविधता संरक्षण गर्दा प्रस्तावित समाधान टिकाउ र मापनयोग्य हुनु पर्छ । यसको मतलब कृषि उत्पादन बढाउने नाउँमा प्राविधिक विकासमा मात्र जोड दिने नभई सामाजिक नवाचारको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ भन्ने बारेमा सरोकारवालामा भ्रम हुनु हुँदैन । नीति निर्माण तहमा बसेका मानिसहरूले के सोच्न जरुरी छ भने जैव विविधता संरक्षणका लागि स्थानीय स्तर अथवा भनौँ जमिनी स्तरमा उपस्थित मानिससम्म सूचना पुग्नु पर्छ र सबै सरोकारवाला, हितधारक सरकार, स्थानीय समुदाय र संस्थानलाई संलग्न गराउनु पर्छ । समावेशी योजनालाई प्राथमिककतामा राख्नु पर्छ र सबै पुरुष महिला युवा सबैले निर्णय प्रक्रियामा समावेश हुने व्यवस्था आवश्यक हुन्छ । एकत्र गरिएको साक्ष्यले यो समावेशीतालाई प्रतिविम्ब गर्नु पर्छ, जसको उद्देश्य ठोस डाटा उपलब्ध गराउन होस् ताकि राष्ट्रिय संस्थान र हितधारकद्वारा प्रभावी नीति बनाउनका लागि उपयोग गर्न सकियोस् । तथ्याङ्क जमिनी स्तरको अनुभवबाट प्राप्त सूचनाको आधारमा मात्र हुनु पर्छ ।

जैव विविधता अनुकूल खाद्य प्रणाली परिवर्तनका लागि नीति निर्माता किसान, खाद्य कम्पनी र उपभोक्तासहित सम्पूर्ण हितधारकको राजनीतिक इच्छाशक्ति र संयुक्त प्रतिबद्धताको आवश्यकता हुन्छ । कृषि उत्पादक विशेष गरेर किसानका लागि प्रशिक्षण र समर्थन र एक सक्षम नीतिगत वातावरणको आवश्यकता हुन्छ, जसले जैव विविधताको रक्षण गर्न र परिदृश्यको बढाउन, पानी र हावाको गुणस्तर वृद्धि गर्न स्थायी उत्पादन प्रक्रियालाई बढोत्तरी गराउँछ । प्रकृति सकारात्मक खाद्य उत्पादनमा परिवर्तन जुन पुनर्योगी गैरक्षयकारी र गैरविनाशकारी तरिकाबाट प्राकृतिक संसाधनको उपयोग गर्छ । त्यसले जैव विविधता सङ्कटलाई मात्र नहटाई जलवायु शमन र अनुकूलन लाभ पनि प्राप्त गर्न सकिन्छ र यसले खाद्य सुरक्षा बढाउँछ । प्रकृति सकारात्मक खाद्य उत्पादनको उद्देश्य भइरहेको उत्पादन प्रवृत्तिको माध्यमबाट परिस्थितिक प्रक्रिया र कार्यलाई बढाइराख्छ र सतत विकास सम्भव हुन्छ ।

# स्वार्थ सच्याउने कि संविधान ?



• डा. अतीन्द्र दाहाल

पछिल्लो आमनिर्वाचन निर्मित १८ महिनाको उष्ण अस्थिरतापछि देशमा ६ महिनादेखि सशक्त अनि बलियो सरकार छ। प्रमुख दुई दलले झन्डै दुईतिहाइ मतको सरकार बनाएका छन्। सबल राष्ट्र निर्माण र आमनागरिकको हितमा आकर्षित लोककल्याणकारी राज्य निर्माणमा सघन प्रयास लगाउने अपेक्षा छ। अलिक अप्रत्याशित हिसाबले मोडिएको राजनीतिक परिस्थितिको औचित्य स्थापना गर्न समृद्धि र विकासको रफ्तारसँगै संविधान संशोधनको समेत अभ्यास गर्ने भनिएको थियो। केही दिनपहिले प्रधानमन्त्रीले संविधान संशोधनको प्रस्तावित मिति २०८७ भनेपछि राजनीतिक तलाउमा नयाँ विचारहरू तरंगित भएका छन्। यसै अभिव्यक्तिलाई आधार बनाई सरकारको आयुसमेत विश्लेषण गर्नेहरूको लाइन बाक्लै छ।अकाट्य दस्तावेज नभएको र सहमतिको सार भएका कारण आवश्यकता अनि सहमतिअनुसार संविधानमा संशोधन हुन सक्छ। अमेरिकामा सन् १७८९ देखि लागू भएको संविधानमा २७ संशोधन भए। छिमेकी देश भारतमा ४४८ धारा रहेको संसारकै लामो लिखित संविधानमाथि पछिल्लो ७३ वर्षमा एक सय ५ संशोधन भए। आजसम्म भेनेजुएलामा २६, हाइटीमा २३, इक्वेडरमा २०, बोलिभियामा १७, अल सल्भाडोरमा १६ र कोलम्बियामा १२ पटक नयाँ संविधान लेखिएका र अनेकौं पटक संशोधन भएका देखिन्छन्।

हाम्रोमा समेत स्थायित्व अनि समृद्धि लक्षित गरी संविधान संशोधन गरिने भनेर खबरहरू सम्प्रेषण भएका थिए। अपेक्षित संशोधनको सबालमा सबैका आफ्ना/आफ्ना समान वा पृथक् सरोकार हुन सक्छन्। साल २०८७ मा मात्र संविधान संशोधन भन्ने प्रधानमन्त्रीको नयाँ प्रस्तावले अन्योलता मात्रै होइन, सही आवश्यकताको सघन अन्तर्य पनि झल्काएको हुन सक्छ। सबै व्यवस्थाका केही गुण/अवगुण होलान्। यहाँ चाहिँ नीतिभन्दा एकअर्काको विरोध गर्ने नाममा देखिएका पूर्वाग्रही तथा अराजक राजनीतिक नियतको कारण समस्या बढ्दैछ। राजीवरञ्जन शरणको पुस्तक ‘बिहेबियरलिजम एन्ड पोलिटिकल थ्यौरी’मा दलहरूको नियत राम्रो भए कुनै पनि नीति देशको प्रगतिमा बाधक नभएको अनुपम यथार्थ दर्शाइएको छ।अहिलेको निर्वाचन प्रणालीबाट कसैको स्पष्ट बहुमत नआएकै कारण निरन्तर सरकार बन्ने र भत्किने अस्थिरतालाई दोष दिएर संविधानको हुर्मत लिन खोज्नेहरूको संख्यासमेत सानो छैन। तर बिना स्पष्ट बहुमत तालमेलकै सरकारलाई भारतमा स्व.मनमोहन सिंहले सफलतापूर्वक १० वर्षसम्म अविरल नेतृत्व दिई अर्थतन्त्रको बलियो जग बसाएर बिदा लिएको १० वर्षभन्दा अलिकति बढीमात्रै भएको छ। जर्मनीमा एन्जेला मार्केलले तालमेल र मेलमिलापकै आधारमा लामो समय नेतृत्व गरेको नजिर छ। संसारकै कान्छी कार्यकारीका रूपमा फिनल्यान्डमा निवर्तमान प्रधानमन्त्री सन्ना मरिनले सफलतापूर्वक तामेलकै सरकारलाई नेतृत्व दिएको बारेमा विश्व राजनीति ज्ञात छ।

अस्थिरता प्रणालीले होइन, प्रपञ्चले निर्माण गर्ने हो। त्रिशंकु संसद् हुनेबित्तिकै सरकार बदलिरहनु पर्ने बाध्यता हुँदैन, हाम्रोमा विलासी अभ्यास स्थापित भएको मात्र हो। यद्यपि दलहरूले विज्ञता केन्द्रित राजनीतिको नयाँ अभ्यास ‘मेरिटोक्रेटिक मेघा लन्च’ शिरोपर गरेमा यही प्रणालीबाट पनि स्पष्ट बहुमत सम्भव हुन्छ। पुँजीवादी शासन नाम दिइएका थुप्रै देशहरूमा सर्वसाधारणका लागि निःशुल्क सरकारी सार्वजनिक यातायातको व्यवस्था छ। सरकारले सहरका मुख्य ठाउँमा संकलन केन्द्र राखेर उच्च घरानियाबाट लत्ता कपडा र खाद्यवस्तु दान गर्न लगाउँछ अनि गरिबहरूलाई वितरण गर्छ। पुँजीवादकै उच्च स्वरूप भनेर व्याख्या गरिने अधिकांश युरोपियन देशहरूमा शिक्षा तथा स्वास्थ्य निःशुल्क र रोजगारीको उच्च प्रत्याभूति छ। नागरिकका लागि संविधानका लाइन होइन, शासकको दृष्टि र सोच महत्त्वपूर्ण कुरा हो।

प्रत्यक्ष निर्वाचित कार्यकारीको पद्धतिमा संसद्को सार्वभौमिकता गुम्छ, निरंकुशताको सम्भावना हुन्छ भनेर अड्चन थाप्नेहरूले किन अमेरिका र रसियाजस्ता सफल एवं सक्षम मुलुकहरूको इतिहास बिर्सिएका छन् ? हिटलर, नेपोलियन बोनापाट अनि जुलियस सिजरजस्ता खराब पात्रहरूलाई मात्र उदाहरणमा प्रस्तुत गर्नेले सी जिङ फिङ, निकोलस सार्कोजी, बिल्ड्रो विल्सन, फ्यांकलिन डी रुजभेल्ट, दाइसिया पिङजस्ता नामहरूलाई किन सम्झँदैनन् ? प्रधानमन्त्री पद्धतिमा रहेका भारत तथा बेलायत दुवैले प्रगति र सभ्यतामाथि ठूलै बाजी मारेका छन्। ली क्वान, महाथिर बिन महोमद, मार्गरेट थ्याचरजस्ता संसदीय प्रधानमन्त्रीको इतिहास स्वर्णिम छ। अमेरिकामा प्रजातान्त्रिक र चीनमा साम्यवादी प्रणाली छन्। गम्भीर मतभेद अनि बेमेलतासहित फरक विचार र सिद्धान्तमा आधरित ती राजनीतिक चेतनाबीच दुवै राष्ट्र सफलताको यात्रामा उत्तिकै अब्बल छन्।

भारत गणतन्त्रमा र बेलायत राजतन्त्रमा छन्। परन्तु उनीहरूको विकास भएकै छ, प्रगति चुलिएकै छ, अग्रगमन निरन्तर छ। स्विडेन, जापान, युनाइटेड अरब इमिरेटस, कुवेत, डेनमार्कजस्ता राष्ट्रमा राजतन्त्र नै प्रिय छ। अमेरिका, भारत, चीन, फ्रान्समा गणतन्त्र उत्तिकै सफल छ। संसदीय पद्धति नै अवलम्बन गरेका इथियोपिया, लिबिया, इराक असफल रहे पनि क्यानडा, भारत, जापान, कुवेत, सिंगापुर, बेलायत, डेनमार्क, फिनल्यान्ड, जर्मनी सफलताका पर्याय छन्। अनि साइप्रस, अर्जेन्टिना, अमेरिकाले सर्वाधिकार सम्पन्न प्रत्यक्ष राष्ट्रपतिकै व्यवस्थाभित्र आफूलाई सबलीकरण गराए पनि अफगानिस्तान, कंगो, इन्डोनेसिया, नाइजेरिया, जिम्माबेजस्ता उदाहरणले राष्ट्रपति आलंकारिक मात्रै हुनुपर्ने तर्कलाई सघाउँछ। मुख्यतः नागरिकलाई व्यवस्थाको नाम र प्रणालीभन्दा व्यवस्थाले दिने काम महत्त्वपूर्ण सवाल हो।

कहिलेकाही भर्खर संस्थागत हुँदै गरेको संघीयतालाई पनि देशको विकासको साधक वा बाधकको रूपमा व्याख्या गर्दै रमाउनेहरू छन्। कोही संघीयताले नै सबै बिग्रिरहेको, सर्वनाश हुन लागेको भनेर त्रास देखाउँछन्। अर्काथरी, संघीयता भएकै कारण आम उन्मुक्तिसाथ सम्पूर्ण आर्थिक सामाजिक, सास्कृतिक समस्याहरूको जादुमय निराकरणको आधार बनेको तर्क दिन्छन्। स्विटजरल्यान्ड संघीय छ, उसको विकास र सभ्यताको उचाइ अनि मानवको जीवनस्तर संसारमा सबैका लागि ईर्ष्यायोग्य र अनुकरणीय छ। युरोपकै अन्य केही मुलुक जस्तै इटाली, फ्रान्स एकात्मक र केन्द्रीय शासन व्यवस्थामा रहेर पनि अरूहरूको विकासलाई धावा बोली रहेछन्।

हामी केवल संविधानलाई हरेक अपेक्षित तथा अनपेक्षित नतिजाको आधार सम्झँदै, यसको संशोधनलाई राजनीतिक हतियार बनाउछौं। संसारकै सबैभन्दा व्यवस्थित प्रजातान्त्रिक अभ्यास हुने र प्रजातन्त्रको जननी मानिने बेलायतसँग आजसम्म लिखित संविधान नहुँदा पनि ऊ अरू सबैका लागि अनुकरणीय हिसाबमा चलेकै छ। न्युजिल्यान्ड तथा इजरायलमा संविधान नभएका कारण विकासमा कुनै ब्रेक लागेको छैन। केवल धेरै मन्त्री र सांसदलाई तलबभत्ता दिनु परकैले देश डुबिहाल्ने बताउँदै केही पक्ष संघीयताको खारेजीको गीत गाउँदैछन्। यद्यपि त्यो धेरै संख्यमा भएका सबैले देशका लागि एकदमै उदाहरणीय अनि अनुकरणीय काम गरेमा देशले कति ठूलो सकारात्मक फड्को मार्छ भन्ने सोच हामीमा कहाँ हरायो ?

सानो मुलुक भएकै कारण संघीयता अफापसिद्ध हुन्छ भन्ने हुँदैन। क्रमशः ९, १६, २६ र ७ संघहरू भएका अस्ट्रिया, पलाउ, स्विट्जरल्यान्ड र युनाइटेड अरब इमिरेटस पनि संघीयता भएका नेपालभन्दा साना देश हुन्। देशको प्रगतिमा राम्रो नीतिभन्दा राम्रा नेताहरू, तिनका राम्रा नियत अनि सबल सोचको भूमिका बढी हुन्छ। राजनीतिक दलहरूको नियत सफा भए जुनसुकै नीति अपनाए पनि देश समृद्ध बन्छ। नीतिलाई प्रयोग गर्नेहरू गलत नियतका सारथि भए जस्तोसुकै कल्पना र परीक्षण पनि अफापसिद्ध नै हुन्छ। त्यसैले नीतिमा भाँडभैलो गर्दै संविधान संशोधनको सौदाबाजी गर्नेभन्दा राजनीतिक पवित्रता अनि सफा नियत निर्माणमा चाहिँ दलीय बहसको बढी सरोकार हुनुपर्छ।

संविधान र यसमा अंगीकार गरिएका नीतिलाई दोष दिनेहरूले पहिलो आफ्नो सोच र नियत परिवर्तन गर्नुपर्छ। सोच परिवर्तन गरेपछि देश आफैं परिवर्तन हुन्छ। आफूले सफल र युगान्तकारी काम गर्न नसकेपछि व्यवस्थालाई दोष लगाएर आफ्नो अक्षमता लुकाउन केही दिन सकिएला, सदैव चाहिँ सकिँदैन। नाच्न नजानेपछि आँगन टेडो भएको भनेर दोष लगाउँदा आत्मरति त निर्माण होला तर नागरिकमा आकर्षण चाहिँ निर्माण हुँदैन।

# जलवायु परिवर्तनका कारकहरू



• प्रकाश अधिकारी

पृथ्वीका सबै कुराहरु असल र शुद्ध बनेका छन्, मानिसले तिनमा हात हाल्छ र ती कुराहरूलाई अशुद्ध र खराब तुल्याउँछ । ऊ जबर्जस्तीसँग एउटा माटोलाई अर्कै माटोमा हुने फसल पैदा गर्ने बनाउँछ । एउटा वृक्षलाई अर्कै वृक्षमा हुने फल फलाउने तुल्याउँछ । ऊ काल बेला, ठाउँ र प्राकृतिक अवस्था बुझ्दैन त्यसैले अलमलिएको छ । उसले सब कुरालाई कुरूप तुल्याउँछ र नाश गर्दछ । जुन कुरा नराम्रो र भयङ्कर छ त्यस कुरालाई मन पराउँछ । प्रकृतिले जुन बनाएको छ त्यो कुनै कुरा पनि ऊ रुचाउँदैन । आफ्नै सजातीय मनुष्य पनि उसको दृष्टिमा चढ्दैन ।

वातावरणलाई अशुद्ध पारेर प्रकृतिलाई हाँक दिएको छ मानिसले । वातावरण अर्थात् वायुको त्यो राशि जसले पृथ्वी, ग्रह वा पिण्डलाई चारैतिरबाट घेरेर बसेको हुन्छ । वातावरणको मूल श्रोत जलमण्डल (हाइड्रोस्फेयर), वायुमण्डल (एटमस्फेयर) र पृथ्वी स्वयं हो । जसरी तरल पदार्थको आफ्नो आकार नहुनाले राखिएको भाँडाको आकार नै उक्त तरल पदार्थको आकार हुन्छ त्यसैगरी पृथ्वीका जीव र बनस्पतिको आकार वा रुप वातावरणले निश्चित गर्छ, जनावर र बिरुवाको आकार वातावरणले आकृत गर्छ । यो नै विकास हो । मानव समेतको जीवनको अस्तित्व, निर्वाह, विकास आदि वातावरणद्वारा निश्चित छ । त्यसैले मानिसको पालनकर्ता र जीवनाधार वातावरण हो । हामीलाई सुखमय र स्वास्थ्य राख्ने रक्षाकवच पनि वातावरण नै हो । वातावरण अचानक परिवर्तन हुनुको अर्थ जीवन र वनस्पतिमा विपत्ति आउनु हो ।

पृथ्वी साढे चार अरब वर्ष पुरानो हो । यो उमेरमा आइपुग्नु उहिले धेरै वातावरणीय परिवर्तनहरू धरतीले खेपिसकेको छ । शिशुकालको पृथ्वी पग्लिएको चट्टान हो । त्यसपछि शून्य तल एक सय अथवा धेरै डिग्रीसम्म सतहका तापक्रमहरु बदलिएका छन् । अहिलेको सुख्खा भूमिमा समुद्रहरू बनेका छन्, पछि हटेका छन्, अनि फेरि बनेका हुन् । प्राचीन समुद्रतलबाट पर्वतहरू उठेका, ध्वंस भएका, फेरि उठेका हुन् । यी चरम परिवर्तनहरू भएर सूक्ष्म आकृतिहरुको विकास भएको मानिन्छ । यी जीवहरू यति कमजोर छन् रासायनिक गठन, तापक्रम अथवा चापमा अनपेक्षित रुपमा अलिकति पनि आन्तरिक परिवर्तनहरू भएमा तिनीहरू छिट्टै निर्जीव वस्तुमा विघटन हुनसक्छन् ।

अहिलेका मान्छे (होमो सेपिएन्स) को अस्तित्व यो पृथ्वीमा देखिएको ३ लाख वर्षजति मात्र भयो । झण्डै पाँच हजार वर्षको मानव सभ्यतामा उल्लेख्य केही नभएको कुरा विगत दुई सय वर्षमा मानिसले गरेका कामहरूको परिणाम स्वरुप वातावरणमा उल्लेख्य उथलपुथल भएको छ । यो उथलपुथल मानिस-मानिस, मानिस-प्रकृति, प्रकृति-प्रकृति, मानिस तथा अन्य जीव, जीव-जीव आदि बीचको संघर्ष, मेल वा सहजीवनको इतिहास हो ।

मानिस बाहेक सबै जीवहरूको बासस्थानको नियत छ । त्यो बासस्थानमा त्यो प्राणी साधारणतः मिलिसकेको हुन्छ, उसको विशिष्ट जीवन शैली हुन्छ । जस्तो, ट्राउट माछा चिसो खोलाको पानीमा, गैंडा सिमसार र घाँसे मैदानमा रहन्छ, इत्यादि । यदि अन्य जीवद्वारा उक्त बासस्थानमा अतिक्रमण भयो भने संघर्ष हुन्छ । बासस्थानमा अनुकूल भैसकेकाले अर्कोलाई हराइदिन्छ, हटाइदिन्छ र अदृश्य पारिदिन्छ । बासस्थान परिवर्तनशील हुन्छ, त्यो परिवर्तनशीलतासँग मिल्न नसक्ने जीव पनि विलुप्त भएर जान्छ ।

प्राणी गैह्रले वातावरणसित 'मिल्न' शरीरलाई अनुकूल बनाए, यथा, घाँस चर्नेको खुर, मांशाहारीको विशेष दाँत, लोखर्के जस्ता जीवहरूको जमिन र रुखमा दुबैमा निर्भर हुनसक्ने पञ्जाको विकास भएको देखिन्छ, इत्यादि । मानिसले मात्र शरीरलाई अनुकूलन पार्नुको सट्टा वातावरणका हाँकहरू स्वीकार गर्न आफ्नो मगजलाई खियायो । हतियार बनायो, जाडोबाट बच्ने कपडा लगाएकोले छालामा रौँ उम्रनु परेन, उड्नका लागि पखेँटा चाहिएन नतः पानीमुनि जान शरीरमा विशेष अङ्ग । आफ्नो फाइदाका लागि आगोको प्रयोग र नियन्त्रण गर्न जानेकोले पकाएको नरम खाँदा मानिसका ठूला शक्तिशाली दाँत र बङ्गरा कमजोर भए भने घामको विकिरणबाट शरीरलाई बचाउन छालामा रौँको सट्टामा रंग विशेषको विकास भएको पाइन्छ ।

यदि मानिस आफू विकसित भएको क्षेत्रमा मात्र सीमित भएर रहेको भए अनुकूलता (एडाप्टेसन) लाई वातावरणमा मिलाउने काम सरल हुने थियो । तर आफनो विकासको पहिलो दिनदेखि नै मानिस गतिमा छ । शिकारी भएदेखि नै ऊ संग्रहशील संस्कृतिमा बाँचेको छ । त्यसैले उसले पृथ्वीको विशाल भू-खण्डलाई ढाकेको छ । जलवायु र संस्कृति परिवर्तनले मानिसलाई आफ्नो अनुकूलन वातावरणदेखि निकै टाढा बसाइँ सर्न उत्साहित पारेको छ । उसको प्रत्येक नयाँ लम्काइले वातावरणलाई गहिरो आघात पुऱ्याएको छ । मानिस पशुपालन, कृषि, औद्योगिकीकरण भएर आजको औद्योगिक जटिलतामा आइपुगेको छ ।

कृषि क्रान्ति भए यता विशाल औद्योगिक प्रगति भएर पनि मानिसले खाना प्राप्तिका लागि माटामै भर पर्नु परिरहेछ । पृथ्वीमा मानिसको जीवनको लागि आवश्यक यौगिक र तत्वहरूको एउटा जटिल मिश्रणको रुपमा माटोले कुनै खास क्षेत्रको परिस्थितिमा एउटा प्रमुख भूमिका खेल्दछ । बिरुवा र जीव-जन्तु दुबै नै पौष्टिक तत्वका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा माटोमै निर्भर हुन्छन् । बढिरहेको जनसंख्याको उदरपूर्ति माटोबाट हुने उब्जनीद्वारा हुन्छ । माटोको उर्वरता बढाउन रासायनिक मलको प्रयोगले माटोको बायुछिद्र (पोरोसिटी) कम गरिरहेछ र विषादीको प्रयोगबाट बिनासकारी र उपयोगी दुबै खालका किराहरू मर्ने त छदैछ, उब्जाबाली विषाक्त हुनाले खानेलाई तत्काल असर देखिने गरेको छ । उद्योगहरुबाट निस्कने कचर (एफ्लुएन्ट) ले माटोलाई प्रदूषित गर्छ भने सिंचाइबाट माटोको लवण वृद्धि हुन्छ र अक्सिजन घटछ, परिणामतः माटोको उर्वरता पनि घट्छ ।

एक अंग्रेजी कविको कवितामा "हजारौँ मानिस प्रेम बिना पनि बाँचिरहेका छन् तर एउटा छैन पानी बिना बाँचेको" । हामी साना छँदा इन्द्रले वर्षात गराउँछन् भनेर सुनिएको थियो । सौर्य ऊर्जाले समुद्रको पानीलाई वाष्फ बनाएर उडाउँछ, अनि यसरी जल वाष्फको ठूल्ठूला परिमाणहरूले माथिका वायु राशि भरिन्छन् । जब यी गरम, आर्द्र सामुद्रिक राशिहरू चिसो, शुष्क हावासित ठोक्किन्छन् वर्षा हुन्छ भनेर पढियो । "८५ प्रतिशत रोगको निवारण असल पानी, खान हुने पानी गाउँ गाउँमा पुऱ्याइदिने हो भने स्वतः हुन्छ" भनेर आधा शदी अघि भन्ने एक जना प्रसिद्ध नेपाली राजनीतिज्ञको भनाइलाई बहुधा उद्धरण गर्ने गरिन्छ तथापि कवि क्लरिजको "जताततै, पानी पानी, पिउनलाई एक थोपा पनि छैन" कै स्थिति हाम्रो छ । 'असल पानी' को निश्चित गुणस्तर हुन्छ । त्यसमा अवाञ्छित सम्मिश्रण भयो भने प्रदूषित हुन्छ, यो सम्मिश्रण मानिसको कारणले भैरहेको छ ।

हामी वरिपरि बहने हावाको बारे विचार गर्दा हजारौँ वर्षसम्म दाउरा, हुनसक्छ गुइँठा पनि, इयासभुस इन्धनको रुपमा प्रयोग गरियो । तर केही समयपछि कालो, चम्किलो, अनौठो तवरले कम तौल भएको ढुङ्गाले दाउराको आगोभन्दा धेरैबेरसम्म टिकिरहने निकै तातो आगोको राप बनाउन सक्छ भन्ने पत्ता लाग्यो । पत्थर कोइला र जिवास्मबाट बन्ने अन्य इन्धन (फोसिल फुयल) प्राकृतिक ग्यास, डिजेल, पेट्रोलबाट निस्कने सल्फरडाइअक्साइडका रापहरूले हावालाई यति प्रदूषित पाऱ्यो कि औद्योगिक मुलुकका औद्यौगिक शहरहरूमा यसको कारण सामान्य मृत्युदर २ भएको इतिहास छ । यसको प्रकोप अहिले उत्कर्षमा छ ।

मानिसको भीड, सवारी साधनहरू र कारखाना आदिको कोलाहलले ध्वनी प्रदूषण गराएको छ । ध्वनी प्रदूषणका कारण 'एड्रेनेलिन' नामक पदार्थ शरीरमा बन्दछ जसले ह्रदयगति र रक्तचापलाई प्रभावित पार्दछ । यस पदार्थबाट मांसपेशीमा तनाव, टाउको दुखाइ, अनिद्रा, मानसिक तनाव, कोलोस्ट्रोलमा वृद्धि जस्ता समस्याहरू उत्पन्न हुन्छन् ।

घर वातावरणकै एउटा रुप हो । 'वन्य प्रदेश'ले शत्रुता अनि खतरनाक आकृतिहरू ल्याउँछ, घरले व्यक्तिगत सन्तोष र कल्याणको भावनालाई बढाउँछ । तर दुर्भाग्यवश जब घर खाँदाखाँद गरी बनाइन्छ वा कोठाहरु विशाल टावर जस्तो गरी उठाइन्छ तब सबैभन्दा असल कृषि भूमि वा राजमार्गका दायाँ बायाँका राष्ट्रिय वन मासेर विकास गरिएका शहर, बजारबाट निस्कने फोहोरले नदी, खोला प्रदूषित हुन्छन् । नेपालको जनसंख्याको ६० प्रतिशत 'नगरपालिका'मा बसोबास गर्ने भैसकेको छ । नगरीय जीवनको एउटा चरित्र यातायात प्रणालीमा निर्भर हुनु हो, यसले हावालाई दुषित पार्छ । 'इकोसिस्टम'मा भू उपयोगको महत्व भएरै यससम्बन्धी नीति-ऐन बनेका छन् तर बलिया स्थानीय राजनीतिक र आर्थिक दवावका सम्मुख त्यस्ता साधनहरु सो पिस'मा सीमित छन् ।

अहिलेसम्म मान्छेले बनाएका भौतिक सामग्रीको कुल तौलले पृथ्वीमा भएका सबै जीव-जनावर र वनस्पतिको संयुक्त तौललाई हालै मात्र उछिनेको छ (विज्ञान पत्रिका 'नेचर'को डिसेम्बर २०२० को अंक) । पृथ्वीको आयुको सापेक्षतामा टुप्लुक्क देखापरेको मानिसले विगत २०० वर्षमा गरेको विकास कति वातावरणमैत्री रहेछ भन्ने कुराको नतिजा जलवायुको तीव्र परिवर्तन हो । जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया भएता पनि प्रदूषित वातावरणले यसलाई तीव्रता दिएको छ । भूमण्डलीय वातावरणमा आएको परिवर्तनले पृथ्वीको सतहमा ल्याएको परिवर्तनको फलस्वरुप जीव र वनस्पतिको उत्पत्ति, विकास र विनास निर्भर गर्छ ।

जलवायु परिवर्तनको तीव्रताको असरले वायुमण्डल तातिदै जानाले हिमाली भेगको तापक्रममा र सामुद्रिक सतहमा वृद्धि भैरहेको छ । योबाट सबैभन्दा धेरै प्रभावित गरीव, भूपरिवेष्टित र पर्वतीय मुलुकहरूमा नेपाल पनि पर्छ । हाम्रा घरहरू पत्थर कोइला, तेल, प्राकृतिक ग्यास वा बिजुलीबाट सायदै 'वातानुकूलित' छन् नतः हामीले हरित गृह ग्यासको अत्यधिक उत्सर्जन गर्ने उद्योग, सवारी साधन आदिको सञ्चालन नै गरेका छौँ । एउटा अध्ययन अनुसार जलवायु परिवर्तनका लागि सवारी साधन र कलकारखानाको धुवाँ जति जिम्मेवार हुन्छ त्योभन्दा बढी गाईको पेटबाट निस्किने मिथेन ग्यास जिम्मेवार हुन्छ । ग्रिनहाउस ग्यासमध्ये पर्ने कार्बन डाइअक्साइडको तुलनामा मिथेन ग्यास वायुमण्डलका लागि अझ बढी खतरनाक हुन्छ । यी सबै ठूला अर्थतन्त्र भएकाहरूबाट भैरहेको छ । यो हाम्रा लागि 'नखाएको विष' समान हो । यसले नानाथरीका असरहरू देखाइरहेको छ, त्यसैले यो महाप्रलयको जोखिम बन्नसक्ने कुरा हो । श्रृष्टि र संहार चलिरहने चक्र हो । यो महाप्रलय आउन नदिन धनीहरूकै हातमा छ । मानव सभ्यता पूर्वसूचनाबिना परिवर्तित हुने भौगर्भिक स्वीकृतिका आधारमा टिकेको छ (सिभिलाइजेसन एग्जिस्टस् बाइ जियलजिकल कन्सेन्ट सब्जेक्ट टु चेन्ज विदाउट नोटिस) भन्ने प्रसिद्ध इतिहासकार विल दुराँको भनाइ पृथ्वीको संरचना, यसमा आउने परिवर्तन तथा तिनका आधारमा भएको सभ्यताको विकास तथा विनास बारेको सार मन्तव्य हो ।अस्तु,

## १८ जना एमाले कार्यकर्ताले दिए सामूहिक राजीनामा

झापा(प्रस) । मोरङ विराटनगरको मानगढ खानेपानी आयोजनाको निर्वाचनबाट सुरु भएको विवाद उत्कर्षमा पुग्दा एमालेबाट राजीनामा दिने लहर सुरु भएको छ । एमाले विराटनगरको ३ नम्बर वडा समितिका १८ जनाले नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै राजीनामा दिएका हुन् । उनीहरूले गत पुस २५ गते बसेको महानगर कमिटीको पदाधिकारी बैठकबाट भएको निर्णयप्रति असहमति जनाएका हुन् ।

यसरी राजीनामा दिनेहरूमा वडा अधिवेशन आयोजक समितिको उपसंयोजक हिरा बस्नेत रिजाल, उपसचिव कुशुला काफ्ले निरौला, अनोज गौतम (अनुज), सदस्यहरू गौरीशङ्कर रेग्मी, दिलीप श्रेष्ठ, सीता कट्टेल, नारायण सुवेदी, तुलसी सुवेदी, चुँडामणि तिम्सिना, पुष्प आचार्य, लक्ष्मण थापा, दलमान तामाङ, भगवती पोखरेल, होम निरौला, अन्नपूर्ण पोखरेल, अर्जुन कटुवाल, बिराज अधिकारी, उपा सिवाकोटी रहेका छन् ।

'पार्टी नेतृत्वले सामूहिक छलफलको माध्यमबाट समस्या समाधान गर्नुपर्नेमा कसैसँग परामर्श तथा छलफल नगरी विना जानकारी ३ नं.वडा अधिवेशन आयोजक कमिटीको नामावलीमा सङ्गठित सदस्यता समेत नरहेका, अन्य पार्टीमा रहेका व्यक्तिहरू समेत राखिएको पाइयो जुन अत्यन्तै दुःखद हो,' सामूहिक राजीनामा पत्रमा उल्लेख छ, 'सामूहिक प्रयासबाट नेतृत्व चयन गर्ने लोकतान्त्रिक प्रक्रियालाई बेवास्ता गरी माथिल्लो कमिटीबाट गठन गरी जानकारी भएको नेतृत्वमा रही पार्टीको जिम्मेवारी बहन गर्न असमर्थ रहेको ब्यहोरा अवगत गराउँदै सामूहिक रूपमा राजीनामा पेश गर्दछौँ ।'

सामूहिक राजीनामा पत्रमा सङ्गठित सदस्य नै नरहेका सन्दीप थापा, राम भट्टराई, ब्रम्हकुमारी पराजुली, श्याम पौडेल, सुशील रेग्मी, उमा निरौला, रीता घिमिरे, अप्सरा श्रेष्ठ, तुलसी सुवेदी, कृष्ण रिजाल, स्वीकारजंग बस्नेत र तेजु कटुवाल रहेको उल्लेख छ । यसअघि एमाले विराटनगर कमिटीको बैठकले महानगर कमिटी सदस्यमा मनोनित गरेपछि वडा नम्बर ३ का उपाध्यक्ष प्रकाश सापकोटाले पनि राजीनामा दिएका थिए । सापकोटाले बिहीबार जारी गरेको राजीनामा पत्रमा वडा कमिटी अध्यक्ष लालमणि भट्टराईलाई गरेको कारबाही फिर्ता नगरेसम्म पार्टीको कुनै पनि जिम्मेवारीमा नबस्ने बताएका थिए ।

नेकपा एमाले मोरङ जिल्ला कमिटीले तत्कालीन महानगर कमिटी अध्यक्ष सागर थापा, सहसचिव नवराज नेपाल टुप्पीसहित वडा नम्बर ३ का अध्यक्ष लालमणि भट्टराईलाई खानेपानी आयोजनाको निर्वाचनको विषयलाई लिएर कारबाही गरेको थियो ।

## सुन्तला उत्पादन घटेपनि मूल्य वृद्धि हुँदा किसान उत्साहित

झापा(प्रस) । गत वर्षको तुलनामा सुन्तलाको उत्पादन घटे पनि मूल्य वृद्धि हुँदा पूर्वी पहाडका किसान उत्साहित भएका छन् । गत वर्षको तुलनामा यस वर्ष २० प्रतिशतले सुन्तला उत्पादन घटेको व्यापारीहरुको भनाइ छ ।

उत्पादन कम भए पनि बजारमा मूल्य गत वर्षको तुलनामा वृद्धि भएको छ । यतिबेला धनकुटाको खोकु, छिन्ताङ, बुधुक, भोजपुरलगायत पूर्वी पहाडी जिल्लाबाट धरानस्थित कृषि उपज बजारमा किसानले सुन्तला बिक्री गर्न ल्याइरहेका छन् ।

धरान कृषि बजारमा गत वर्षमा पुष र माघ महिनाको तुलनामा यस वर्ष कमै मात्रामा सुन्तला ल्याइएको धरान कृषि बजार व्यवस्थापन समितिका व्यवस्थापक अध्यक्ष लक्ष्मण भट्टराईले बताए । यस वर्ष सुन्तला फल लाग्ने समयमा मौसम परिवर्तन र भारी वर्षाका कारण गत वर्षको तुलनामा उत्पादनमा कमी भएको भोजपुरका किसान प्रदीप राईले बताए ।

उनले भने, "गत वर्षहरुमा १५ देखि २० मेट्रिक टनसम्म सुन्तला फल्ने गर्थ्यो यस वर्ष भने १२ मेट्रिक टन मात्र सुन्तला फल्यो ।" उनले विगत १८ वर्षदेखि सुन्तला व्यापार गर्दै आएको बताए । धरान कृषि बजारमा कात्तिक महिनाको अन्तिम सातादेखि हालसम्म दुई हजार पाँच सय मेट्रिक टन सुन्तला बिक्री भइसकेको छ ।



दैनिक रुपमा धरान कृषि बजारमा २५ टन बढी सुन्तला आउने गरेको धरान कृषिबजार व्यवस्थापन समितिका व्यवस्थापक अध्यक्ष भट्टराईले बताए । गत वर्ष धरान कृषि बजारमा प्रतिकिलो ७० सम्ममा बिक्री भएको सुन्तला हाल प्रतिकिलो एक सयदेखि दुई सयसम्ममा बिक्री भइरहेको छ । सुन्तलाको मूल्य मौसमअनुसार घटबढ हुने गर्छ ।

घाम लागेको समयमा सुन्तलाको मूल्य वृद्धि हुने र घाम नलागेको दिन मूल्य घट्ने व्यापारीहरुको भनाइ छ । कृषिउपज बजारस्थलको तथ्याङ्कअनुसार गत वर्ष धरानमा आठ हजार पाँच सय मेट्रिक टन सुन्तला बिक्री हुँदा करिब एक अर्ब बराबरको कारोबार भएको थियो । यस वर्ष भने पाँच हजार मेट्रिक टन सुन्तला खरिद बिक्री हुँदा कृषि बजारबाट ६० करोड हाराहारीको कारोबार अनुमान गरिएको छ ।

पूर्वी पहाडका भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, संखुवासभा र खोटाङसम्मका सुन्तला धरान ल्याउने गरिएको छ । व्यापारीले धरानबाट इटहरी, इनरुवा, विराटनगर, विर्तामोड, दमक र मधेश प्रदेशका विभिन्न जिल्लासम्म सुन्तला बिक्रीका लागि पुऱ्याउने गरेका छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनेछ । मन कमजोर रहला ।

**मिथुन** आँटेको काममा अवरोध आउनसक्छ । प्रेमसम्बन्धलागि पनि श्रेष्ठ समय रहेको छ

**कर्कट** भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् ।

**सिंह** नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योग छ ।

**कन्या** महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । मन कमजोर रहने सक्छ ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** आज आँटेको र ताकेको कार्य पुरा होला । शुभकार्यको चर्चा चल्नेछ ।

**मिन** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । आफन्तसँग भेटघाट पनि हुनेछ ।